# भिमसेनथापा गाउँपालिका

## BHIMSENTHAPA RURAL MUNICIPALITY

### गाउँ कार्यपालिकाको कार्यालय

### Office of the Rural Municipality Executive

खाञ्चोक, गोरखा

Khanchok, Gorkha

२०७३

गण्डकी प्रदेश (Gandaki Province)

पत्र संख्या (Reference No.)-: ०७६/०७७

च.नं (Dispatch No.)-:

मिति (Date): २०७७/०३/२१

---

श्री सबै वडा कार्यालयहरु,(१-८)

भिमसेनथापा गाउँपालिका, गोरखा ।

**विषय : निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागको प.सं ०७६/०७७ च.न १७६५ मिति २०७७/०३/१८ को पत्रअनुसार "नेपालको संविधान बमोजिम आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिको सामाजिक सुरक्षाको अधिकार सुनिश्चित गर्ने उदेश्यका साथ सामाजिक सुरक्षा ऐन,२०७५ कार्यान्वयनमा आएको हो । उक्त ऐनको दफा १५ को खण्ड (ग) मा अन्य कुनै प्रकारले नियमित रुपले पारिश्रमिक, निवृतिभरण , अवकाश सुविधा एवं अन्य सुविधा पाईरहेका व्यक्तिले सामाजिक सुरक्षा भत्ता नपाउने प्रष्ट व्यवस्था हुँदा विदेशी सरकार बाट नियमित रुपले निवृतिभरण प्राप्त गरीरहेका नेपाली नागरिकहरुलाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्न नमिल्ने भनी मिति २०७७/०३/१७ (मा मन्त्रीस्तर) बाट निर्णय भएको हुँदा सोही बमोजिम गर्न गराउनुहुन भनि लेखि आएकाले सोही बमोजिम निर्णय कार्यान्वयन गर्न गराउनु हुन जानकारीको लागि अनुरोध छ ।

बोधार्थ :

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग ।

सिंहदरवार

२०७७/०३/२१

कृष्ण थापा

प्रमुख प्रसाशकिय अधिकृत

E-mail-bhimsenthapagaupalika@gmail.com

Website-bhimsenmun.gov.np

नेपाल सरकार

# गृह मन्त्रालय

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन: ४२११२६१, ४२६४६८१
४२६२०६६, ४२००८९५
फ्याक्स: ४२०००९४

पत्र संख्या:- ०६६/०६६
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- ९८८५

सिंहदरबार, काठमाडौं, नेपाल

२०७७/३/१८

विषयः निर्णय कार्यानवयन गर्ने सम्वन्धमा।

श्री स्थानीय तह सबै।

उपरोक्त सम्वन्धमा नेपालको संविधान वमोजिम आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालवालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकको सामाजिक सुरक्षाको अधिकार सुनिश्चित गर्ने उदेश्यका साथ सामाजिक सुरक्षा ऐन, २०७५ कार्यान्वयनमा आएको हो। उक्त ऐनको दफा १५ को खण्ड (ग) मा अन्य कुनै प्रकारले नियमित रूपले पारिश्रमिक, निवृत्तभरण, अवकाश सुविधा एवं अन्य सुविधा पाईरहेका व्यक्तिले सामाजिक सुरक्षा भत्ता नपाउने प्रष्ट व्यवस्था गरेको हुँदा विदेशी सरकारवाट नियमित रूपले निवृतिभरण प्राप्त गरिरहेका नेपाली नागरिकहरूलाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्न नमिल्ने भनी मिति २०७७/०३/१७ (मा. मन्त्रीस्तर) बाट निर्णय भएको हुँदा सोही बमोजिम गर्नु गराउनुहुन जानकारीकालागि अनुरोध छ।

सावित्रा वस्नेत
शाखा अधिकृत

श्री MIS.

सबै वडाध्यक्ष, जानकारी गराई पञ्जीकाधिकारीहरुलाई विवरण रुजु गरी आवश्यक कार्य व्यवस्था मिलाउने।